# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर-विश्व बैंक प्रतिनिधिमण्डल भेट

गभर्नर डा. युवराज खतिवडासँग विश्व बैंकको Development Policy Credit (DPC-2) Mission ले चैत्र २७ गते भेट गर्‍यो । भेटमा प्रतिनिधि मण्डलले नेपालको वित्तीय क्षेत्र सुधार सम्बन्धमा भएका गतिविधि तथा कानूनी, संस्थागत एवम् व्यवस्थापकीय विषयमा जानकारी लिनुका साथै DPC-1 को मूल्यांकन र DPC-2 अन्तर्गतको कार्यहरुका बारेमा जानकारी गराएको थियो ।



सो भेटमा गभर्नर खतिवडाले प्रतिनिधि मण्डललाई नेपालको वित्तीय क्षेत्रलाई स्वस्थ र स्थायित्व प्रदान गर्नका लागि भएका प्रयासका सम्बन्धमा प्रकाश पार्नु भएको थियो । यस क्रममा उहाँले वित्तीय क्षेत्रको सुपरिवेक्षकीय संरचना मजबुत बन्दै गएको, आवश्यक नियम, विनियम तथा मार्गदर्शन निर्माण भइसकेको र कतिपय जारी हुने क्रममा रहेको जानकारी गराउनु भयो ।

गभर्नर खतिवडाले वित्तीय क्षेत्र सुधार अन्तर्गत विद्यमान कानुनको परिमार्जनको कार्यलाई अघि बढाउने क्रममा नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सुरक्षित कारोवार ऐन, विनिमेय अधिकार पत्र ऐन र विदेशी विनिमय नियमित गर्ने ऐनहरुको संशोधन प्रस्ताव तयार गरी सम्बन्धित निकायहरुमा पेश भैसकेको र केही पेश हुने क्रममा रहेका छन् भने निक्षेप तथा कर्जा सुरक्षण सम्बन्धी ऐन लगायतका आवश्यक नयाँ ऐनका मस्यौदा तयार गर्ने कार्य अघि बढेको जानकारी गराउनु भयो । यस्तै बैंकले विदेशी विनिमयलाई व्यवस्थित गर्न विभिन्न विनियमावलीहरु जारी गरेको, गाभ्ने तथा गाभिने सम्बन्धी विनियमावली र IT Policy & Guidelines जारी गरी कार्यान्वयनमा ल्याइसकेको छ भने बैंक तथा वित्तीय संस्थाहरू प्राप्त गर्ने (Acquisition) सम्बन्धी विनियमावली, छिट्टै जारी हुने अवस्थामा रहेको उहाँले जानकारी गराउनु भयो ।

बैंकिङ्ग क्षेत्रको सुशासन र संचालनलाई सुदृढ गराउन केन्द्रीय बैंकले आफ्ना नीतिगत प्रयासहरूलाई केन्द्रित गरेको छ भने वित्तीय पहुँच अभिबृद्धिलाई प्राथमिकता दिएको र यसमा विकास साझेदारको भूमिका सहयोगी हुन सक्ने विचार राख्नु भएको थियो ।



सरकारी लगानीका बैंकहरूको संचालन र पूँजी सुदृढीकरणका सन्दर्भमा गभर्नर डा. खतिवडाले पछिल्ला दिनहरूमा ती बैंकको पुनसंरचना कार्यबाट भएको प्रगतिको समीक्षा गर्दै यस सम्बन्धी सुधार कार्य हतारमा नभई समन्वयात्मक ढंगले अघि बढाउने कुरा बताउनु भयो ।

वित्तीय क्षेत्र विकास रणनीति (Financial Sector Development Strategy-FSDS) का बारेमा भएको प्रगति जानकारी गराउँदै उहाँले विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको संयुक्त पहलमा अघि बढाइएको वित्तीय क्षेत्र मूल्यांकन कार्यक्रम (Financial Sector Assessment Program-FSAP) को प्रतिवेदनले दिएका सुझावहरू समेत सो रणनीतिमा समावेश गरिने बताउनु भयो ।

मिति : २०७० चैत ३० गते आइतबार

गभर्नरको कार्यालय